# बोलपत्र आह्वानको सूचना



नेपाल सरकार

**स्वास्थ्य मन्त्रालय**

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

टेकु, काठमाडौं

### Portable CD4 मेसिनको रियजेन्ट खरिद सम्बन्धी शिलवन्दी बोलपत्र

(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७३/०७/१९)

**ठेक्का नं. ०३**

१. राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालयको समयभित्र बोलपत्र दस्तूर रू. १०००/- (अक्षेरुपी एक हजार पछि फिर्ता नहुने गरी) यस केन्द्रमा नगद बुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस केन्द्रबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन् । बोलपत्र खरिद गर्नको लागि निवेदकले सो सम्बन्धि कारोबार गर्ने उद्देश्यको आ.व. ०७३/७४ का लागि नविकरण गरिएको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्र र ०७२/७३ को कर चुक्ता प्रमाणपत्र वा आय विवरण दाखिला गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र खरिद गर्न रु. १० को टिकट टाँसी निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको ५:०० बजे भित्र खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस केन्द्रमा ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्रदाताको प्रतिनिधि आफैं उपस्थित भै शिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएको बोलपत्रहरू ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस केन्द्रमा खोलिनेछन् । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दर्ता भएका शिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. शिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत बापत कबोल अंकको २.५% नगद कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक टेकु स्थित धरौटी खाता नं. १७००२०३०००००० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य बैंकको बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५ प्रतिशत (पाँच प्रतिशत) बराबरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस केन्द्रको नाममा जारी भएको कम्तिमा १ वर्ष म्याद भएको परफर्मेन्स बण्ड पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफर्मेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. बोलपत्र फाराममा यस केन्द्रलाई आवश्यक पर्ने Portable CD4 मेसिनहरूको रियजेन्टहरू माग गरेकोले बोलपत्रदाताले दररेट पेश गर्दा अंक र अक्षरमा Items अनुसार प्रष्ट रूपमा दररेट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहिछाप गर्नुपर्ने हुन्छ ।

५. बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्र शिलबन्दी गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । यस केन्द्रबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन साथै बोलपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन । सर्त राखी पेश गरेको र रीत नपुगेको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

६. बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेख भएका सामानहरूको दररेट पेश गर्दा Items अनुसारको कम्पनीको आधिकारीक पत्र र क्याटलक/लिफलेट अनिवार्य रूपमा पेश गर्नु पर्ने छ । सम्बन्धित कम्पनीको आधिकारीक पत्र र क्याटलक/लिफलेट पेश नभएका बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्रहरू Item अनुसार दररेट माग गरिएकोले पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । सामानहरू स्वीकृत बजेटको स्थिति अनुसार खरिद गर्न सकिनेछ ।

८. कुनै बोलपत्रदाताले बोलपत्र फिर्ता पाउ भनी निवेदन दिंदा बोलपत्र दर्ता गर्नुभन्दा अगावै प्रोपराइटरको हस्ताक्षर गरी निवेदन साथ शिलबन्दी गरी पेश गर्नु पर्नेछ । सो नगरेमा बोलपत्र फिर्ता गरिने छैन ।

९. सप्लाई गर्ने Portable CD4 मेसिनहरूको रियजेन्टहरू WHO/FDA बाट मान्यता प्राप्त भएको र गुणस्तर चिन्ह प्राप्त भएको साथै माग गरे बमोजिमका स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । स्पेसिफिकेशन अनुसार र WHO/FDA बाट मान्यता प्राप्त नभएका बोलपत्रदाताहरुको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गराइनेछैन ।

१०. बोलपत्रदाताले सप्लाई गर्ने सामानको म्याद उत्पादन मितिबाट कम्तिमा ७५% हुनुपर्नेछ ।

११. बोलपत्रदाताको भुक्तानी सामान बुझाएको बिल र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको Quality Control Report पछि मात्र दाखिला गरी सो पश्चात मात्र भुक्तानी हुनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ साथै यस केन्द्रको Website WWW.ncasc.gov.np मा पनि हेर्न सकिनेछ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।